बैठक नं.९१

आज मिति २०७८/०९/०४ गतेका दिन बुटवल उपमहानगरपालिकाका प्रमुख श्रीमान् शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : विहान ८:०० बजे ।
स्थान : नगर कार्यपालिकाको भवन ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उपप्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | टंक प्रसाद पराजुली | सदस्य | |
| ६ | तेज बहादुर सुनार | सदस्य | |
| ७ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ८ | कमल प्रताप थापा | सदस्य | |
| ९ | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| १० | बिष्णु बहादुर थापा | सदस्य | |
| ११ | पदम बहादुर थापा | सदस्य | |
| १२ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १३ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | नारायण प्रसाद पुन | सदस्य | |
| १५ | दधिराम न्यौपाने | सदस्य | |
| १६ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १७ | राम प्रसाद रेग्मी | सदस्य | |
| १८ | सन्त बहादुर राना | सदस्य | |
| १९ | हिम बहादुर खत्री | सदस्य | |
| २० | डिल प्रसाद नेपाली | सदस्य | |
| २१ | रन्जित शेरचन | सदस्य | |
| २२ | माया देवी वराल (विश्वकर्मा) | सदस्य | |
| २३ | बिमला श्रेष्ठ | सदस्य | |
| २४ | सिता कुमारी थापा | सदस्य | |
| २५ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २६ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २७ | वीरेन्द्र देव भारती | प्रमुख प्रशासकीय अधिकृत | |

सरस्वती कुँवर, का.वा. वडाध्यक्ष वडा नं.३

सुमित्रा गाहा, का.वा. वडाध्यक्ष वडा नं.१८ सुमित्रा

छली मियाँ का.वा. वडाध्यक्ष वडा नं-५- छलि मिया

प्रस्ताव नं.९१.१
मिति २०७८।०८।१७ मा बसेको नगरकार्यपालिकाको ९० औं वैठकबाट भएका निर्णयहरुको समीक्षा सम्बन्धमा।

- सिङ्गो बुटवल एक विद्यालय कार्यक्रम सम्बन्धी अवधारणापत्र वैठकमा प्रस्तुत भएको। जुन अवधारणापत्र आजको कार्यसूचीमा स्वीकृत गर्ने क्रममा रहेको छ।
- तिनवटा निर्माण व्यवसायीहरुलाई "घ" वर्गको इजाजतपत्र प्रदान गर्ने निर्णय भएको।
- नेपाल अटोमेकानिक्सहरुको केन्द्रीय तथा प्रदेशस्तरीय कार्यालय स्थापनाका लागि उपमहानगरपालिकाको स्वामित्वमा रहेको जग्गा बहालमा उपलब्ध गराउने गरी निर्णय भएको।
- बुटवलको राजमार्ग चौराह देखि गोलपार्कसम्मको बाटो निर्माणाधिन अवस्थामा भएको र धुलोले मुख्य बजार अस्तव्यस्त र आवतजावतमा कठिनाई भएको हुँदा बाटोमा पानी छिट्ने निर्णय भएको र कार्यान्वयन समेत भैरहेको।
- सरुवा भई आउनु भएका प्रमुख प्रशासकीय अधिकृत श्री वीरेन्द्रदेव भारतीज्यूको स्वागत तथा सरुवा भई जाने श्री शिवप्रसाद रेग्मीज्यूको विदाई गरिएको।
- वडा नं.७ का वडाध्यक्ष श्री कमल प्रताप थापाज्यू अस्वस्थ भई उपचारमा रहेको हुँदा निजको स्वास्थ्यलाभको कामना गरिएको।
- वडा नं.३ का वडाध्यक्ष लाल प्रसाद बस्याल र वडा नं.१२ की महिला वडासदस्य विष्णु शाहीका पति झलक बहादुर शाहीको असामयिक निधन भएको हुँदा समवेदना प्रकट गरिएको।

प्रस्ताव नं.९१.२
**नगरसभाको दशौं अधिवेशनको लागि मिति तोक्ने सम्बन्धमा।**
निर्णय नं.९१.२
यस बुटवल उपमहानगरपालिकाको नगरसभाको दशौं अधिवेशन देहायको मिति, समय र स्थानमा बस्ने गरी आब्हान गर्ने निर्णय गरियो।

मिति : २०७८।०९।१४ गते बुधवार।
समय: दिनको ३:०० बजे।
स्थान: बुटवल उपमहानगरपालिका सभाहल।

प्रस्ताव नं.९१.३
**सिङ्गो बुटवल एक विद्यालय अवधारणा कार्यक्रम स्वीकृत सम्बन्धमा।**
निर्णय नं.९१.३
मिति २०७८।०८।१७ मा बसेको नगरकार्यपालिकाको ९० औ बैठकको निर्णय नं.९०.१ अन्तर्गत टेवुल भएको सिङ्गो बुटवल एक विद्यालय अवधारणा कार्यक्रम माथि दफावार छलफल गरियो।

आजको छलफलमा उठेका विषयवस्तुहरु समेत तत् तत् बुँदाहरुमा समावेश भएको र आवश्यक समेत भएको हुँदा सिङ्गो बुटवल एक विद्यालय अवधारणा कार्यक्रम स्वीकृत गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं.९१.४**

**जटिल रोगको अनुदान सहयोग कार्यक्रम संचालन निर्देशिका, २०७८ स्वीकृत सम्बन्धमा ।**

**निर्णय नं.९१.४**

बुटवल उपमहानगरपालिका क्षेत्रभित्रका बासिन्दाहरुलाई आठ प्रकारका जटिल रोगहरुको उपचारार्थ आर्थिक सहुलियत र बजेट तथा योजना कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक भई कार्यालयबाट तयार भई आजको बैठकमा प्रस्तुत हुन आएको निर्देशिका, २०७८ माथि दफावार छलफल गरियो । आजको वैठकमा उठेका विषयवस्तुहरुलाई समेत तत् तत् बुँदाहरुमा समावेश गरिएको र उक्त निर्देशिका आवश्यक समेत भएको हुँदा जटिल रोगको अनुदान सहयोग कार्यक्रम संचालन निर्देशिका, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.९१.५**

**विद्यालयमा वालविकास/शिक्षक अनुदान कोटा थप गर्ने सम्बन्धमा ।**

**निर्णय नं.९१.५**

मिति २०७८।८।१९ मा बसेको नगर शिक्षा समितिको बैठकको सिफारिस समेतका आधारमा नगर स्रोतबाट तपसिलका विद्यालयहरुमा तपसिल बमोजिमका शिक्षक व्यवस्थापन अनुदान कोटा, वालविकास सहयोगी कार्यकर्ता अनुदान कोटा र वालविकास कक्षाका लागि सहयोगी कर्मचारी (आया) को कोटा उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल :

क. शिक्षक अनुदान कोटा :

| क.सं. | विद्यालय | तह श्रेणी | कोटा संख्या |
|---|---|---|---|
| १ | उजिरसिंह माध्यमिक विद्यालय बुटवल २ | माध्यमिक तह द्वितीय श्रेणी सरह अंग्रेजी विषय कक्षा ११/१२ | १ |
| २ | प्रगति माध्यमिक विद्यालय बुटवल ११ | माध्यमिक तह तृतीय श्रेणी सरह थप कोटा | १ |
| ३ | नहरपुर माध्यमिक विद्यालय नहरपुर बुटवल ११ | माध्यमिक तह द्वितीय श्रेणी सरह थप कोटा | १ |
| | | माध्यमिक तह तृतीय श्रेणी सरह | १ |
| | | निम्न माध्यमिक तह तृतीय श्रेणी सरह | १ |

ख.बाल बिकास सहयोगी कार्यकर्ता अनुदान/बाल बिकास सहयोगी कर्मचारी(आया) अनुदान कोटा

| क.सं. | विद्यालय/बालबिकास केन्द्र | प्रकार | कोटा संख्या |
|---|---|---|---|
| १ | नहरपुर माध्यमिक विद्यालय बुटवल ११ नहरपुर | बालबिकास सहयोगी कार्यकर्ता | २ |
| २ | अमर माध्यमिक विद्यालय बुटवल १९ | „ „ | १ |

| | | | |
|---|---|---|---|
| ३ | मायादेवी जनजागृति आधारभूत विद्यालय बुटवल ११ दुर्गानगर | ,, ,, | १ |
| ४ | सुर्योदय आधारभूत विद्यालय बुटवल ११ | ,, ,, | १ |
| ५ | चिडियाखोला बालबिकास केन्द्र | बालबिकास सहयोगी कर्मचारी ( आया ) | १ |

उपर्युक्त बमोजिमको व्यवस्थापनका लागि चालु आ.व. २०७८/०७९ को दोस्रो अर्धवार्षिक अबधि (६ महिना) का लागि नेपाल सरकारले तोकेको स्केल बमोजिम तलब भत्ता र पोशाक सुविधा उपलब्ध गराउन थप बजेट रु १८५५६४०।- व्यवस्था गर्ने ।

**प्रस्ताव नं.९१.६**

**"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धमा ।**

**निर्णय नं.९१.६**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को ६(१०) तथा बुटवल उपमहानगरपालिकाद्धारा स्वीकृत "घ" बर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ को नियम २ को उपनियम २ सँग सम्बन्धित अनुसूची ५ बमोजिम योग्यता भए नभएको सम्बन्धमा अध्ययन गर्न गठित सिफारिस समितिबाट नयाँ इजाजतपत्रका लागि सिफारिस भई पेश भएको देहायको निर्माण व्यवसायी/फर्मलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

| **क.सं.** | **निर्माण व्यवसायी** | **ठेगाना** |
|---|---|---|
| १. | आइवेस् कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | बुटवल-७ |

**प्रस्ताव नं.९१.७**

**लुम्बिनी बस टर्मिनल सपिङ्ग कम्प्लेक्सको सटरहरुको बहाल बन्दोवस्ती सम्बन्धमा ।**

**निर्णय नं.९१.७**

बुटवल उपमहानगरपालिका वडा नं.९ मा रहेको लुम्विनी बस टर्मिनल सपिङ्ग कम्प्लेक्सको पहिलो र दोस्रो तलाका तपसिल बमोजिमका सटरहरु ३ पटकसम्म सूचना प्रकाशन गर्दा समेत बहाल बन्दोवस्ती हुन नसकेको हुँदा मिति २०७८।०९।२ मा बसेको राजश्व परामर्श समितिको सिफारिस समेतका आधारमा तोकिएको मासिक न्यूनतम बहाल रकममा १५ प्रतिशतका दरले कम गरी पुन: सूचना प्रकाशन गरी बहाल वन्दोवस्ती गर्ने निर्णय गरियो ।

सटरहरु (१५ वटा)

२५,२६,२७,२८ र ३३, २९ र ३२, ३४,३५,३९,४०,४१,४२ र ४७, ४३ र ४६, ४४ र ४५, ४९,५०

प्रस्ताव नं.९१.८
कार्यदल सम्बन्धमा ।
निर्णय नं.९१.८
UNCDF र नगरविकास कोषद्धारा सम्पत्ति व्यवस्थापन कार्यलाई अगाडि बढाई बुटवल उपमहानगरपालिकालाई समेत पाइलटिङ्गमा राखेको सन्दर्भमा आजको वैठकमा छलफल गरियो । यस उपहानगरले पनि सम्पत्ति व्यवस्थापनको कार्य प्रकिया अगाडि बढाउन उपयुक्त हुने ठानी मिति २०७८।०७।१६ मा प्रमुखज्यूको अध्यक्षतामा बसेको बैठकबाट एक कार्यदल गठन भएको हुँदा उक्त कार्यदलमा भुउपयोग तथा भुमि व्यवस्थापन शाखाको शाखाप्रमुखलाई समेत समावेश गरी देहायको कार्यदलले सहजिकरण गर्ने गरी सम्पत्ति व्यवस्थापनको कार्य प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

१ श्री विमला श्रेष्ठ, कार्यपालिका सदस्य -संयोजक
२ श्री सुमन श्रेष्ठ, वरिष्ठ इन्जिनियर -सदस्य
३ श्री लेखनाथ पोखरेल, वरिष्ठ अधिकृत -सदस्य
४ श्री विजयदेव भुर्तेल, वरिष्ठ अधिकृत -सदस्य
५ श्री रोशन कुमार रेग्मी, अधिकृत आठौं -सदस्य
६ श्री केशव ज्ञवाली, अधिकृत छैठौं -सदस्य
७ श्री लक्ष्मी ढकाल, अधिकृत आठौं -सदस्य-सचिव

प्रस्ताव नं.९१.९
**प्रहरी चौकी रहेको घरको भाडा भुक्तानी सम्बन्धमा ।**
निर्णय नं.९१.९
बुटवल उपमहानगरपालिका वडा नं.१२ स्थित वडा प्रहरी चौकी रहेको घरको घरभाडा विगतकै दरमा मासिक रु.२५,०००।-(घर बहाल कर सहित) का दरले २०७७ श्रावण देखि २०७८ आषाढ सम्मको घरभाडा चालु भैपरी शीर्षकबाट भुक्तानी दिने र आर्थिक बर्ष २०७८।०७९ का लागि साविक भाडा दरमा १०% रकम थप गरी मासिक भाडा कायम गरी सोही बमोजिम भुक्तानी दिने व्यवस्था मिलाउने निर्णय गरियो ।

**प्रस्ताव नं.९१.१० विविध**
**प्रस्ताव नं.९१.१०.१**
**भुमि सम्बन्धी प्रस्ताव टेवुल गर्ने सम्बन्धमा ।**
निर्णय नं.९१.१०.१
बुटवल उपमहानगर क्षेत्र भित्रका अव्यवस्थित बसोवासीहरुलाई बसोवास निस्सा प्रदान गरी व्यवस्थित गर्ने सम्बन्धमा प्रस्तुत हुन आएको भुमि सम्बन्धी प्रस्ताव आजको वैठकमा टेवुल भयो ।

प्रस्ताव नं.९१.१०.२

गाडी मर्मत सम्बन्धमा ।

निर्णय नं.९१.१०.२

यस कार्यालयको बा.२.भ.४१६९ नं. को टाटा सुमो गाडी दुर्घटना भई क्षतिग्रस्त भएको र सो गाडी मर्मतको लागि दरभाउपत्र आव्हान गरिएको । निर्धारित समयभित्र दाखिला भएका दरभाउपत्र स्वीकृत गरी मर्मत कार्यका लागि कार्यादेश दिइएकोमा मर्मतको क्रममा गाडी खोल्दै जादा ल.ई. मा उल्लेख भए भन्दा बाहेकका थप सामान समेत राखि मर्मत कार्य गर्नु परेको हुँदा मर्मत कार्य सम्पन्न भई भुक्तानीका लागि जम्मा रु.१५,७७,३८९।- विल पेश हुन आएको हुँदा स्वीकृत दरभाउपत्र भन्दा बढी रकमको सम्बन्धमा बुटवल उपमहानगरपालिकाको सार्वजनिक खरिद अनुगमन उपसमिति र प्रमुख प्रशासकीय अधिकृतले थप अध्ययन गरी ठहराए बमोजिम हुने गरी भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं.९१.१०.३

समवेदना सम्बन्धमा ।

बुटवल उपमहानगरपालिकाको वडा नं.५ का वडाध्यक्ष एवं यस नगरकार्यपालिकाका सदस्य श्री तेज बहादुर सुनारकी ममतामयि माता धनसरी सेन्चुरीको मिति २०७८।८।२७ गतेका दिन असामयिक निधन भएको हुँदा दिवंगत आत्माको चिरशान्तीको कामना गर्दै शोकसन्तप्त परिवारजनहरुमा धैर्यधारण गर्ने शक्ति मिलोस भनि यो वैठक हार्दिक समवेदना प्रकट गर्दछ ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट वैठक समाप्त भएको जानकारी गराउनु भयो ।